पुल निर्माण कार्य अलपत्र

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, १४ पुस

२०७९ सालमा पूर्व उपप्रधान एवं रक्षामन्त्री तथा नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले सुर्खेतमा पुलको शिलान्यास गर्दै कर्णालीमा पूर्वाधार क्षेत्रको विकासलाई वर्तमान सरकारले पहिलो प्राथमिकता दिने बताएका थिए । त्यतिबेला उनी उपप्रधान एवम् रक्षामन्त्री थिए । सुर्खेतको भेरिगंगा नगरपालिका-२ स्थित छिन्चु खोलामा पक्की पुलको शिलान्यास गर्दै उनले कर्णालीका दुरदराजका नागरिकहरूलाई यातायात सेवासँग जोड्न पूर्वाधार निर्माणको गति बढाउनुपर्ने भन्दै संघीय सरकारबाट प्राप्त भएको बजेट कार्यान्वयन समयमै गर्नुपर्नेमा जोड दिएका थिए ।

त्यतिबेला उनले भनेका थिए, 'सुर्खेतको भेरीगंगा नगरपालिका १ र २ का नागरिकहरूलाई छिन्चु खोलामा पुल नहुँदा यातायात सेवा लिन समस्या भइरहेको थियो । यहाँ पुल निर्माणका लागि २०७७ सालदेखि निरन्तर लागेपनि बजेट प्राप्त गर्न सकिएको छैन । २०७९ सालको अन्त्य तिर ठेक्का सम्झौता भइ निर्माणको कार्य थालनी हुँदा निकै खुसी छु ।'

उनको मन्तव्यपछि पुल शिलान्यसमा उपस्थित भएका नागरिकहरुबाट तालीको ओइरो लागेको थियो । पुल शिलान्यासमा उपसभापति खड्कासँगै कर्णाली प्रदेश सरकारका पूर्व कानुनमन्त्री एवम् प्रदेश सांसद कृष्णबहादुर जिसी समेत उपस्थित थिए ।

उनले उक्त समयमा गठबन्धन सरकारको प्रमुख एजेण्डा नै विकास र समृद्धि रहेको बताएका थिए । उनीहरुले समयमै काम सक्न ठेकेदार कम्पनीलाई निर्देशन समेत गरेका थिए । तर, उनीहरुले दिएको निर्देशनमाथि नै प्रतिप्रश्न व्यवसायीले गरिरहेका छन् ।

पुल ९५ मिटर लम्बाइको हुने भनिएको थियो । सोहीअनुरुप पुल श्री अन्जना-वाइ.एसएस जे.भीले १७ करोड ७२ लाख ५८ हजार ९ सय ६४ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो ।

उक्त ठेक्का सम्झौता १५ फागुन २०७९ मा भइ आगामी २०८२ साल वैशाख १५ गतेभित्र कार्य सम्पन्न गर्नुपर्ने समयावधि थियो । तर वैशाखसम्म पुलको काम रातदिन गरेपनि सम्पन्न हुने छाट छैन् । समयावधि सकिन करिब २ महिना बाँकी छ । तर पुलको भौतिक प्रगति भने दुई वर्षमा ३० प्रतिशत मात्रै छ । हालसम्म फिल्डमा पाइल र एउटा पिल्लर मात्रै ठडिएका छन् । हाल फिल्डमा पुल निर्माणको काम गत असारदेखि रोकिएको छ ।

यसरी तामझामका साथ शिलान्यास गरिएको पुलको काम रोकिएपछि यहाँका स्थानीयलाई निकै सास्ती भएको छ ।

उनीहरुले पुलको लागि विभिन्न निकायलाई माग गरेपनि माग सम्बोधन हुन सकेको छैन् । होटल व्यवसायी तथा स्थानीय पत्रकार चिन्तामणि शर्माले साविक लेकपराजुलका वडा नं १, २ र ३ नम्बर वडामा एउटा पनि पुल नबन्दा वर्षातको समयमा यो साविकको गाउँपालिका पुरै सम्बन्ध विच्छेद हुने गरेको बताए । उनले बर्खामा लेकपराजुलका विद्यार्थी सहज रुपमा विद्यालय जान सक्ने अवस्था समेत नरहेको उल्लेख गरे ।

शर्माले भने,'भेरी नदीमा बोटेचौर, मेहलकुना, रामघाट जस्ता ठाउँमा यति छोटो दुरीमा पुल बन्दा पावर र पहुँच नभएका जनता बस्ने । यो ठाउँको पुल बनाउन कोही सरोकारवाला तयार हुनुहुन्छ ? यताको जनता पनि नेपाली नै हुन भन्ने तपाईंहरुलाई लाग्छ ?,'

साथै उनले प्रतिनिधि सभाका सदस्य एवम् कांग्रेसका उपसभापति खड्का, प्रदेश सभा सदस्य कृष्ण जिसी, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेललाई र प्रदेश सभा सदस्य खड्क खत्रीलाई पुल अलपत्र परेको जानकारी दिँदै यस ठाउँको पुल बनाउन कोही सरोकारवाला तयार हुनुहुन्छ ? यताको जनता पनि नेपाली नै हुन भन्ने तपाईंहरुलाई लाग्छ ? भन्दै प्रश्न गरेका छन् ।

पुल निर्माणको लागि भौतिक पूर्वाधार विकास कार्यालयले बजेट विनियोजन नगरेको हुँदा पुलको काम असारदेखि रोकिएको सडक डिभिजन कार्यालय सुर्खेका कार्यालय प्रमुख इन्जिनियर खुमबहादुर भण्डारीले बताए ।

'पुल निर्माणको लागि बजेट छैन्, ठेकेदारलाई हामीले काम गर पनि कसरी भन्नु' उनले भने, 'पहिलेकै रकम त दिन सकिएको छैन तै पनि हामीले रकम माग गरेका छौं । हेरौं के हुन्छ ।,' हिउँदमा धुलो र धुँवा तथा बर्खामा हिलो र खोलाले यहाँका स्थानीयलाई वारपार गर्न निकै समस्या बनाएको वडाध्यक्षहरुको भनाइ छ । भेरीगगा नगरपालिका-२ का वडाध्यक्ष चिरन्जीवी बुढाले छिन्चु खोलामा पुलको काम अलपत्र पर्दा स्थानीयहरुलाई निकै समस्या भएको बताए ।

उनले आफुले पुल निर्माणको लागि बारम्बार ताकेता गर्दा पनि सडक डिभिजन र ठेकेदार कम्पनीले बजेट नभएको बताउँदै झाटो टार्ने जवाफ दिने गरेको उल्लेख गरे । उनले शिलान्यास गर्ने बेलामा तामझामका साथ गरेपनि पुल निर्माणमा भने उपसभापति खड्काले चासो नदिएको बताए । उनले छिन्चु खोलामा पुल नहुँदा भेरीगंगा-१ र २ का मान्छेलाई निकै सास्ती भएको बताए । बर्खामा पानीको बहाव बढ्दा मोटरसाइकल, गाडी केही पनि नचल्ने हुँदा यहाँ स्थानीयलाई झनै समस्या हुने गरेको उनको भनाइ छ ।

यस्तै पुल निर्माणको जिम्मा पाएको ठेकेदार शेरबहादुर बुढाले काम गरेवापतको करिब २ करोड ५९ लाख रकम आफुले नपाएको हुँदा पुलको काम रोकिएको जानकारी दिए । 'मैले करिब २ करोड ५९ लाख रकम काम गरेको पाउन बाँकी छ' उनले भने, 'पूर्वाधारले पुल निर्माणको लागि बजेट पनि छुट्टाएको छैन रे, त्यही भएर सडक डिभिजनले नै हामीलाई काम नगर भनेको छ ।,'

उनले थपे,'रकम नै नभएपछि हामीले कसरी काम गर्नु सडक डिभिजनका सरहरु बजेट मागको लागि लागिरहनुभएको छ । यदि बजेट भयो भने हामी काम गर्न तयार छौं ।' कार्यालय प्रमुख भण्डारीले पनि गत वर्ष काम गरेको करिब ३ करोड ३६ लाख रकममा यस वर्षको बजेटबाट ८० लाख रुपैयाँ व्यवसायीलाई दिएको र अरु २ करोड ५९ लाख रकम दिन बाँकी रहेको बताए ।

घुस लिने र दिने दुवैविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/मस- अख्तियार दुरूपयोग अनुसन्धान आयोगले घुस लिने र दिने दुवैजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

कास्कीको पोखरा महानगरपालिका वडा नम्बर २७ का तत्कालीन वडा सचिव प्रभात लामिछाने र सोही वडाका दिनेश लामिछानेविरुद्ध विशेष अदालत काठमाडौंमा बिहीबार अख्तियारले मुद्दा दायर गरेको हो ।

जन्म दर्ता र कागजातमा जन्म मिति सच्याउने प्रयोजनका लागि घुस लिएको र दिएको दाबी अख्तियारको छ । आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार वडासचिव लामिछानेले जन्म दर्ता र अन्य कागजातमा जन्म मिति सच्याइदिने भन्दै दिनेशबाट २ लाख ५० हजार घुस लिएको पुष्टि हुन आएपछि मुद्दा दायर भएको हो । वडा सचिव लामिछानेले भनेजति रकम दिनेशले नै उनको बैंक खातामा जम्मा गरिदिएको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ ।

लामिछानेले पहिले नै दिनेश दयालु लामिछाने नामबाट जन्म दर्ता, जन्म मिति कायम गरी दर्ता भइसकेको अवस्थामा पुनः दिनेश लामिछानेको नाममा जन्म मिति र जन्म दर्ता गरी आफूले निर्वाह गर्नुपर्ने पदीय अधिकारको दुरुपयोग गरेको अख्तियारको ठहर छ । दुवैजनामाथि २ लाख ५० हजार बिगो बमोजिमको जरिवाना र सजायको माग गरिएको छ ।

बोगटान फुड्सिल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

वोलपत्रको आशय पत्र सम्बन्धी सूचना

प्रकाशित मितीः २०८१।१२।१५

यस बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यापालिकाको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम अर्न्तगत Procurement for Supply and Delivery of Vetenary Medicine कार्यका लागी सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मार्फत र मिति २०८१/१०/१८ गते प्रथम पटक र मिति २०८१/११/०९ गते दोस्रो पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्विकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

तपसिल :

ठेक्का नं	कामको विबरण	सप्लाएर्स	कबोल रकम (VAT बाहेक)
10/BPRM/SQ/2081/82	Procurement for Supply and Delivery of Vetenary Medicine	Dipa vet center	5,33,650.00

प्रमुख प्रशासकिय अधिकृत

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८१/१२/१५

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ ।

तपसिल

ठेक्का नं.	कार्यको विवरण	धरौटी रकम	दरभाउपत्र दस्तुर
NMUN/NCB/ WORK/2081/082-10	Construction of Administrative Block of Janak Ma Vi	NRs. 780,000/-	NRs. 5000/-
बैङ्क खाता नं.	Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch Office Name: Namobuddha Municipality Office Office Code: 801032602 Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002** Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002**		

प्रमुख प्रशासकीय अधिकृत

अन्योलमा शीतभण्डार संचालन

बिनोद निगम/मध्यान्ह
नवलपरासी, १४ चैत

पश्चिम नवलपरासीको सुस्ता गाउँपालिकामा दुई वर्षअघि निर्माण गरिएको शीतभण्डार अझै संचालनमा आउन सकेको छैन । ५ करोड रुपैयाँको लागतमा निर्माण गरिएको शीतभण्डार संचालन नहुँदा अन्योलता छाएको छ ।

लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाको लागतमा निर्माण गरिएको ५०० मेट्रिक टन क्षमताको शीतभण्डारलाई चाहिने आवश्यक कृषि उपजको अभावमा संचालनमा ल्याउन नसकिएको हो ।

शीतभण्डार निर्माण गरिएको क्षेत्रमा आवश्यक कृषि उपजको उत्पादन नभएका कारण संचालनमा ल्याउन नसकिएको गाउँपालिका अध्यक्ष टेकनरायण उपाध्यायले जानकारी दिए । उनका अनुसार गाउँपालिकाको मुख्य बाली भनेको उखु र केरा खेती हो । तर भण्डारणका लागि आवश्यक पर्ने आलु, प्याजलगायतका तरकारी र फलफुल जस्ता चिज आवश्यक पर्ने भएका कारण शीतभण्डार प्रयोगविहीन बनेको उनले बताए ।

प्रदेश र पालिकाको ठूलो लगानीमा बनेको शीतभण्डार प्रयोगमा नआउनु चिन्ताको विषय रहेको भन्दै अध्यक्ष उपाध्यायले अब निजी क्षेत्रलाई भएपनि ठेक्कामा दिएर संचालनमा ल्याउने सोच बनाएको बताए ।

उता केरा उत्पादक समिति नवलपरासीका अध्यक्ष लख्खु यादवले किसानहरुका लागि अत्यावश्यक भएपनि संचालनमा ल्याउन नसक्दा घाटा सहुन परेको बताए । उनले बनेका संरचना समेत प्रयोगमा नआउँदा खराब बन्दै गएको गुनासो गरे ।

हालसम्म, सरकार र सरोकारवालाबीच स्पष्ट निर्णय हुन सकेको छैन, जसका कारण शीतभण्डार अलपत्र अवस्थामा रहन गएको देखिन्छ । यो अलमल लामो समय जारी रह्यो भने संरचना प्रयोगविहीन भएर बिग्रने वा संचालन लागत बढ्ने जोखिम बढेको सरोकारवालाहरु बताउँछन् ।

सीमावर्ती क्षेत्रबाट तस्करी
सुरक्षाकर्मीको निगरानी चुनौतीपूर्ण

शहबाज खान/मध्यान्ह
कपिलवस्तु, १४ चैत

कपिलवस्तुको दक्षिण पश्चिमी सीमावर्ती क्षेत्रहरूबाट खुलेआम तस्करी हुने गरेको छ ।

कोटीया बढ्नी, हर्दौना, कर्मा, बगही, बन्चौरा, कुकुरभुकवा, डुमाई, कृष्णनगर, लक्ष्मीनगर लगायतका स्थानबाट कपडा, चिनी, हार्डवेयर, मलखाद, खाद्यान्न, फलफूल, विदेशी चुरोट जस्ता सामानहरूको तस्करी हुने गरेको हो । लक्ष्मीनगर ६८ नं. पिल्लर नाकामा सुरक्षाकर्मीको गस्ती हुँदाहुँदै पनि तस्करी नरोकिएको देखिएको छ । स्थानीय प्रत्यक्षदर्शीका अनुसार साइकल र मोटरसाइकलमार्फत मालसामान ओसारपसार भइरहेको छ ।

केही सुरक्षाकर्मीलाई मासिक रकम बुझाएर तस्करहरू निर्वाध रूपमा सामान वारीपारी गर्ने गरेको आरोप समेत लाग्ने गरेको छ ।

कहिलेकाहीँ दबावका कारण सशस्त्र प्रहरीले मालसामान समात्ने गरेको भएपनि तस्करी रोक्न प्रभावकारी कदम नचालिएको सामाजिक अभियन्ताहरू बताउँछन् ।

घर बिक्रिमा
जलविनायक, चोभार स्थित ५.५ आनामा बनेको ३५० र ५.७५ आनामा बनेको ३६५ साढे २ तल्ले घर बिक्रीमा
सिधा सम्पर्क
९८४१५५०६२८

माइग्रेसन सर्टिफिकेट हराएको सूचना
झापाबाट काठमाडौं बल्खु जाने क्रममा मेरो निम्न व्यहोरा भएको ११ र १२ को Migration Certificate हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।
नाम : आशा न्यौपाने
Reg. No. : 720455002
S. No. : 30402796
सम्पर्क : ९८०२०५५८७०

यूएईमा रोजगार
कम्पनीः SEVERITY SECURITY & GUARDING SERVICES LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०१ चलानी नं.: ६०२१६५४४ L.T. No.: 301709 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	ने. रू.							
1.	Security Guard	17	5	स. कामका दक्ष	1200	४४,७१२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत २२ गते (4 April 2025) मा हुनेछ ।

स्वदेशमा नर्स मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्स मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा नरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा म्दयाग्दीइ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३३०८ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,३०० कामदारले	रु. १०,०००

वैदेशिक रोजगार बिभागबाट भनाइएको जानकारी -- १. हाजरी मामला जिला प्रशा अधिकारले भएपछि मात्र कम्पनीमा माई रकम झुकाउनु होला । झुकाएको रकमको भौचर अनिवार्य लिनु होला। २. हाजर काम गर्न जाने मुलुकमा रोजी नेपाली कुटनैतिक निधोको सम्पर्क ठेगना र फोन नं. हर सामान राख्नु होला । हाजर भठिनाईमा यहां सम्पर्क गर्न सजिलो हुन्छ । ३. वस विद्यालय (लुमन) मा उल्लेख भएको मन्दा बढी रकम कमैलाई मंदिनुहोला । ४. विद्यार जाउ अगि अभिमुखीकरण का इम्प्रमन्स तालिम अनिवार्य लिनुपर्ने छ । ५. विद्यार जाउ अगि हाजर जाने मुलुक. काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य सर्तबारे राम्रोसँग पढेर मात्र सम्मतिका पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विद्यार जाउँ सेपालकै बिभागबस्ता प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. वस विद्यारुल सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, ताहासलमा सम्पर्क गर्नु होला ।

अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ७७४/०६५/०६६
ANJULIMA INT'L People, Factor, Perspective
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

स्वामिकार्तिक खापर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुइजीउला वाई, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोलिने बारे सूचना

प्रकाशित मितिः २०८१/१२/१४

उपरोक्त सम्बन्धमा यस निर्देशनालयवाट आव्हान गरिएका E–Bidding मार्फत दर्ता भएका बोलपवहरुको पुर्णताको परिक्षणबाट सारभूत रुपमा प्रभावग्राही भएका तथा प्राविधिक मुल्यांकनबाट उतीर्ण भएका तपसिल बमोजिमका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली नियम ३१ (ज) को उपनियम (५) बमोजिम मिति २०८१/१२/२२ गते दिउँसो १:०० बजे खोलिने व्यहोरा सूचित गरिन्छ ।

क्र.सं.	कामको विवरण/ठेक्का नं.	बोलपत्र दाताको नाम	कैफियत
1	Ragumata Ma Vi. School Building Construction (Contract No.: SKKRM/ NCB /WORK/02/081/082)	M/s Bajranga Nirman Sewa, Chandanath Municipality-5, Jumla	Responsive
		M/s S.H Construction, Badimalika Municipality, Bajura	Responsive
		M/s Janakalyan Ninman Sewa, Jayaprithwi, Bajhang	Responsive
		M/s Om Shiva Construction and Order Suppliers, Badimalika Municipality 8 Bajura	Non-Responsive

नि. कार्यालय प्रमुख